# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं भाद्र २१ गते २०११ साल [ संख्या ५

## भाग १

### गृहमन्त्रालयमार्फत जारी भएको प्रधान न्यायालयको विज्ञप्ति

१४३० फा ०६।०११          ७–५–०११

लेखापढी गर्दा प्राप्त चिठ्ठी आदेश इत्यादिको नम्बर र मिति औ विषयसमेत खोली जवाफ दिने लेखापढी गर्नेसमेत मन्त्रालयहरूबाट नियम र फाराम बनी तदनुसार प्रधान न्यायालयबाट पनि भए गरेको हो। त्यसबाट कागज र फाँटको तुरुन्त पत्ता लागी टायम टायममा काम गर्न सजिलो हुन्छ। तर धेरैजसो अड्डाखानाबाट आफ्नो नम्बर र यताबाट लेखिपठाएको कागजको नम्बरसमेत नलेख्ने गरी दिएबाट कागज र फाँट पत्ता लगाउन टायम लागी काममा ढिलाई पर्न आएकोले हुनाले यो विज्ञप्तिद्वारा सरकारी सबै अड्डाखानासँग अनुरोध गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

अबउप्रान्त प्रधान न्यायालयबाट लेखिई आएका चिट्ठी पुर्जी आदेश इत्यादिको जवाब रिपोर्ट र सोबमोजिम कागज पठाउँदासमेत प्रधान न्यायालयले आफ्नु आदेश चिट्ठी पुर्जीहरुमा राखेको पत्रको संख्या र मितिसमेत आफ्नो चिठी पुर्जी वा रिपोर्टका शिरमा प्राप्त पत्रको नम्बर मिति भन्ने लेखी सोही ठाउँमा जनाई छोटकरी विषयसमेत शिरमा खोली पठाउने गर्नुहोला। प्रधान न्यायालयमा नयाँ कुराको सोधनी वा निकाशा निमित्त रिपोर्ट पठाउनेसमेत इत्यादि लेखापढी गर्दा पनि आफ्नु नम्बर र त्यो कागतको छोटकरी तर स्पष्ट विषय शिरमा लेखि पठाउने गर्नुहोला।

नं. २

---

सदर माफसलका अपील सुन्ने अड्डाहरुसमेतले गरेको इन्साफउपर प्रधानन्यायालयमा आउने गरी मोफसलका अपील वा अघिनी अदालतमा झगडियाले अपील दर्ता गरेपछि सो अपीलका साथमा अपील परेको मुद्दाको मिसीलको अलावा शुरु र अपीलसमेतले आफ्ना फैसलामा प्रमाण लगाएको मिसील कागजहरु पनि पठाउने गर्नु भन्ने ऐन सनद भै राखेकोमा पनि कसैकसैले नपठाउने गरी दिएबाट धेरै पटक लेखापढी गर्नु परी काममा ढिलाई हुन जाँदा मुद्दावालालाई दुःख भै रहेको हुनाले विज्ञप्तिद्वारा सबैलाई सूचना गरिएको छ। अबउप्रान्त प्रधानन्यायालयमा आउने गरी जिल्लैमा अपील दर्ता भएमा अपील परेका मुद्दाको अलावा गोस्वारा अपील र अघिनी अदालतहरुले आफ्ना फैसलामा प्रमाण लगाएको मिसील कागज जो जे छ, सो र प्रधानन्यायालयमा आउने अपीलमा झगडियाले बुझी पाऊँ भनेको सरकारी अड्डाखानामा रहेको ऐनले प्रमाण लाग्ने कागजसमेत झिकी सो साथ राखी सबै कागज अपीलकै साथमा राखी कागजको कैफियत खोल्नुपर्नेमा खोली चलानीमा स्पष्ट गरी यो यो कागज भन्ने लेखि एकै साथ पठाउने गर्नुहोला।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

प्रधानन्यायालयमै अपील दर्ता भई मिसील झिकाई आएकोमा पनि प्रधान-न्यायालयले पठाइदिनू भन्ने लेखेका मिसील कागजको अलावा शुरु र अपील सुनेको प्रमाण लगाएको मिसील कागज पनि एकैसाथ पठाउने गर्नुपर्छ ।

नं. २

धेरैजसो अड्डाखानाले हुलाकद्वारा प्रधान न्यायालयमा पठाउने विभिन्न कुराका कागज पत्र र विभिन्न मानिसका विभिन्न मुद्दाका मिसीलसमेत एउटै खाममा पठाउने गर्नुभएको छ, त्यसो गर्दा कागज मिसीलहरू अल्मलिने सम्भावना भएकोले अबउपान्त कागज र मिसीलहरू पठाउँदा एक विषयको कागज वा एक मुद्दाको मिसिल र त्यसको प्रमाणसम्म एउटै खाममा हाली खाममा पनि प्रधान न्यायालयले मगाएको प्रधान न्यायालयको यो नम्बरका चिठिपत्र वा आदेश-बमोजिम यो यो कागज खामिएको भन्ने खुलाई पठाउने र गोप्य राख्नुपर्नेमा सवाल-बमोजिम नम्बर मात्र लेखी पठाउने गर्नुहोला ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—गृहमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म